# स्थानीय राजपत्र

खण्डः३ संख्याः १६ मितिः २०८२/०३/१५

**भाग-१**

तुम्बेवा गाउँपालिका, पाँचथरद्धारा प्रकाशित

तुम्बेवा गाउँपालिका पाँचथरको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन,२०८२/०८३

गाउँ सभाबाट स्वीकृत मितिः २०८२/०३/१०

# आर्थिक ऐन, २०८२/०८३

गाउँ सभाबाट स्वीकृत मितिः २०८२/०३/१०

# तुम्बेवा गाउँपालिका

## पाँचथर

कोशी प्रदेश, नेपाल

## तुम्बेवा गाउँपालिका पाँचथरको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२/०८३

**प्रस्तावनाः** तुम्बेवा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले कानुन बमोजिम तुम्बेवा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि तुम्बेवा गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. सम्पति करः गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूलउपर गरिनेछ।

३. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुलउपर गरिनेछ।

४. घरजग्गा वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ।

६. सवारी साधन करःगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. प्राकृतिक स्रोत साधन/मेशिनरी औजार कर प्रयोग गरे वापत अनुसूची (८) बमोजिमको कर लगाइने र असुलउपर गरिनेछ

१०.सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची(९) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूची मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुलउपर गरिनेछ।

११.निकासी कर गाउँपालिका क्षेत्रभित्र अनुसूची (१०) बमोजिम निकासी कर लगाइने र असुलउपर गरिनेछ।

१२.हाट बिक्री कर गाउँपालिका क्षेत्रभित्र अनुसूची (११) बमोजिम हाट बिक्री कर लगाइने र असुलउपर गरिनेछ।

१३.दण्ड जरिवाना गाउँपालिका क्षेत्रभित्र अनुसूची (१२) बमोजिम दण्ड जरिवाना लगाइने र असुलउपर गरिनेछ।

१४. पटके कर अनुसूची (१३) बमोजिम लगाइनेछ।

१५.अन्य कर : यस ऐनमा उल्लेख हुन नसकेको कर तथा राजस्व अनुसूची १३ बमोजिम लगाइने र असुलउपर गरिनेछ।

१६.कर छुटःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१७. कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिःयो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार रहुनेछ।

**आ.व. २०८२/०८३ बाट लागु हुने गरी तुम्बेवा गाउँपालिका क्षेत्रभित्र देहाय अनुसारको सेवा शुल्क तथा दस्तुर लगाइनेछ ।**

| अनुसूची-१ | |
|---|---|
| १ | **सम्पत्ति कर :**<br>**आ.व. २०८२/०८३ मा लागु नगरिने ।** |

| अनुसूची-२ | | | |
|---|---|---|---|
| सि.नं. | करको किसिम | दर | बार्षिक अनुमान |
| १ | भुमि कर (मालपोत) | वडा नं १र २ प्रति रोपनी रु ४<br>वडा नं ३ र ४ प्रति रोपनी रु ८<br>वडा नं ५ प्रति रोपनी रु ६ | ३००००० |

| अनुसूची-३ | | | | बार्षिक अनुमान |
|---|---|---|---|---|
| १ | **घर वहाल कर:**<br>गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर,पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिइएको कुल रकमको १० प्रतिशत वहाल कर लिने । | | | **१०००००** |
| २ | धुरी कर | बजारमा आर.सि.सि पक्की घर | प्रति तलो रु ५०० वार्षिक | २००००० |
| | | गाउँमा आर.सि.सि पक्की घर | प्रति तलो रु ३०० वार्षिक | |
| | | बजारमा जस्ताले छाएको पक्की घर | रु ३०० वार्षिक | |
| | | गाउँमा जस्ताले छाएको पक्की घर | रु २०० वार्षिक | |
| | | बजारमा साधारण चिम र टिनको छाना भएको घर | रु २०० वार्षिक | |
| | | गाउँमा साधारण अन्य (कच्चि घर) | रु १०० वार्षिक | |
| | | ऐलानी जग्गाको घरबाट बार्षिक धुरी कर | रु.१००० बार्षिक | |

# अनुसची ४

| व्यवसाय कर | | | | |
| --- | --- | --- | --- | --- |
| क. स | बिवरण | दर्ता | नबिकरण शुल्क | बार्षिक अनुमान |
| १ | वर्ग **'क'** ३० लाख भन्दा बढी लगानी भएको | ५०००/- | २५००/- | |
| २ | वर्ग **'ख'** १ लाख देखि ३० लाख | २०००/- | १०००/- | |
| ३ | मदिराजन्य पदार्थको बिक्रि (थप शुल्क लिई अनुमति दिन मिल्ने) | ५०००/- | २५००/- | |
| ४ | सुर्तीजन्य सामानहरुको बिक्रि (थप शुल्क लिई अनुमति दिन मिल्ने) | २५००/- | १२५०/- | |

दर्ता गरी संचालन गर्न अनुमति दिनमिल्ने व्यवसायहरु

१. किराना तथा खाधान्नको खुद्रा साथै होलसेल बिक्रि
२. हार्डवेयर तथा ततसम्बन्धि सामानको बिक्रि
३. सुनचादी तथा गरगहना पसल साथै ततसम्बन्धी सामानको निर्माण
४. क्लिनिक संचालन
५. फार्मेसी संचालन
६. ल्याब संचालन
७. कानुनले तोके बमोजिम वन पैदावार र जडीबुटी खरिद बिक्री गर्ने
८. होटल एण्ड लज
९. खाजा घर
१०. रेडिमेड तथा थान कपडाको बिक्रि
११. इन्टरनेट बिक्रेता (रिसेलर)
१२. फोटोकपी तथा छपाई सम्बन्धि कार्य गर्ने
१३. मर्मत सम्बधि कार्य गर्ने
१४. इलेक्ट्रोनिक सामानको बिक्रि
१५. मोबाइल मर्मत तथा बिक्रि
१६. जुत्ता चप्पलको बिक्रि
१७. फेन्सी पसल
१८. मनीट्रान्सफर
१९. ब्युटी पार्लर
२०. सैलुन
२१. नर्सरी फर्म
२२. पशुपालन फर्म
२३. पन्छीपालन फर्म
२४. मौरीपालन फर्म
२५. मिस्रित खेति
२६. फर्निचर उद्योग
२७. डेरी उधोग
२८. पाउरोटी उधोग
२९. फ्रेस हाउस
३०. सब्जी पसल
३१. कोल्ड सेन्टर
३२. भाडापसल
३३. टेलर्स
३४. पुजा सामाग्री
३५. चटपटे तथा पानीपुरी पसल

| क्र.स. | विवरण व्यवसायको /वर्ग(लगानीका आधारमा) | दर्ता वापत रु. | नविकरण दस्तुर रु. | बार्षिक अनुमान. |
|---|---|---|---|---|
| ५. | सहकारी दर्ता | ५००० | २५०० | |
| ६. | संस्थादर्ता<br>१. कार्य क्षेत्र र आम्दानी क्षेत्र ठुलो भएको (पालिका क्षेत्रभित्रका एक भन्दा बढी वडा कार्यक्षेत्र भएको)<br>२. कार्य क्षेत्र र आम्दानी क्षेत्र सानो भएको (वडा वा टोल कार्यक्षेत्र भएको) | ५०००<br>२००० | २५००<br>१००० | |
| ७. | NGO, INGO दर्ता | १०००० | ५००० | |
| ८. | टोल विकास संस्था दर्ता | ५०० | २५० | |
| ९. | कृषक समुह | ५०० | २५० | |

*घ वर्गको निर्माण व्यवसाय (इजाजत पत्र तथा नविकरण दस्तुर)*

| | | | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | इजाजत पत्र दस्तुर | १५००० | ३०००० |
| २ | इजाजत पत्र नविकरण दस्तुर | ५००० | |
| ३ | कारोवार थप दस्तुर | ५००० | |
| ४ | इजाजत पत्र प्रतिलिपि दस्तुर | २००० | |
| ५ | नाम र ठेगाना परिवर्तन दस्तुर | ५००० | |

| अनुसूचि - ५ | | | | | बार्षिक अनुमान |
|---|---|---|---|---|---|
| १ | सवारी साधन कर | अटो, सिटीसफारी | रु २५०० | रु १५०० | ५००० |
| | | | | | |

## अनुसूचि -६

| | | | | बार्षिक अनुमान |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | पर्खाल/बार/भित्तामा पोतिएको | रु.५०० | १०००० |
| | | सार्वजनिक स्थलमा साइनवोर्ड राखिएको | रु १००० | |
| | | पोल/व्यानर | रु २५० | |
| | | गाडिमा गरिने विज्ञापन | रु २५० | |

## अनुसूचि -७

| | | | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | मनोरञ्जन कर | जिल्ला प्रशासन कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालयबाट अनुमति वा स्विकृति लिई गाउँपालिका क्षेत्रभित्र मनोरन्जनात्मक कार्यक्रम, पर्व, मेला, महोत्सव सञ्चालन गरे वापत गाउँ कार्यपालिकाको निर्णय बमोजिमको मनोरञ्जन कर आयोजक सँग लिने । | १०००० |

## अनुसूचि-८

| प्राकृतिक स्रोत साधन/मेशिनरी औजार कर | | | |
|---|---|---|---|
| क.स. | बिवरण | दररेट | बार्षिक अनुमान |
| १ | ढुङ्गा, गिटी र बालुवा | प्रदेश कानुन बमोजिम | ४००००० |
| २ | ब्याकु लोडर र डोजर | रु. ३००० - १०० HP सम्मको जेसिवि<br>रु.५०००- १०० HP भन्दा माथिको जेसिवि | ५०००० |

## अनुसूचि-९

| सेवा शुल्क तथा दस्तुर (प्रमाणित/सिफारिस/दर्ता शुल्क) | | | | |
|---|---|---|---|---|
| क्र.सं | प्रमाणित | विस्तृत विवरण | दर | बार्षिक अनुमान |
| १ | नाता प्रमाणित<br>मृतकसँगको नाता प्रमाणित | | रु ४००<br>रु ३०० | ५०००० |
| २ | जन्म मिति प्रमाणित | | रु ५०० | १०००० |
| ३ | विवाहित तथा अविवाहित प्रमाणित | | रु ५०० | ५००० |
| ४. | घर पातल प्रमाणित | | रु ५०० | ५००० |
| ५ | व्यक्तिगत विवरण प्रमाणित | | रु ५०० | ५०००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | एका सगोल परिवार प्रमाणित | | रु **५००** | ५००० |
| ७ | कागजात तथा मञ्जुरीनामा प्रमाणित | | रु **५००** | ५००० |
| ८ | संरक्षण प्रमाणित गर्ने व्यक्तिगत | | रु.२०० | ५००० |
| ९ | हकवाला र हकदार प्रमाणित गर्ने | | रु १५०० | ६००० |
| १० | जग्गा/सम्पत्ति मुल्याङ्कन सिफारिस प्रमाणित गर्ने | ५ लाख सम्म<br>५ लाखमाथि | रु ५००<br>रु १००० | २०००० |
| ११ | विपन्नता प्रमाणित गर्ने | | निशुल्क: | |
| १२ | सम्पन्नता प्रमाणित गर्ने | | रु १००० | ० |
| १३ | घर निर्माण सम्पन्न प्रमाणित गर्ने | आर.सि.सि प्रति तला | रु. २००० | ० |
| | | जस्ताले छाएको पक्की | रु ३०० | |
| | | अन्य कच्ची | रु १०० | |
| १४ | दलित अल्पसङ्ख्यक तथा जनजाती प्रमाणित | | रु. **५००** | ५०००० |
| १५ | चारकिल्ला प्रमाणित | | रु ३०० | ५०००० |
| १६ | वार्षिक आय प्रमाणित | | जम्मा आयको ०\|१०प्रतिशत | १००००० |
| १७ | ज्येष्ठ नागरिक/एकल महिला प्रमाणित | | निशुल्क | |
| १८ | सम्बन्ध विच्छेद प्रमाणित | | रु १००० | ० |
| १९ | माथि उल्लिखित बाहेकका अन्य प्रमाणित गर्न | | रु ५०० | ५०००० |

- माथि उल्लिखित प्रमाणित कागजात अंग्रेजी भाषामा उपलव्ध गराउदा सुरु दस्तुरको दोब्बर दस्तुर लाग्ने ।
- वडाबाट प्राप्त सिफारिसका आधारमा गाउँपालिकाबाट प्रमाणित गर्नुपर्ने कागजातमा पुनः दस्तुर नलाग्ने ।
- माथि उल्लिखित प्रमाणित कागजात हराई वा नष्ट भई सो को प्रतिलिपि लिन आउँदा पुनः सुरु दस्तुर लाग्ने ।
- 

| क्र.सं | सिफारिस | विस्तृत विवरण | दर | बार्षिक अनुमान |
|---|---|---|---|---|
| १ | नागरिकता (बंशज) | | रु. ३०० | १००००० |
| २ | नागरिकता (अङ्गीकृत) | | रु. १००० | ० |
| ३. | नागरिकता प्रतिलिपिको सिफारिस | | रु. ५०० | ५०००० |
| ४ | नागरिकता संशोधन सिफारिस | | रु ३०० | १०००० |

| | | | | |
|---|---|---|---|---|
| ५ | वहाल करको लेखाजोखा सिफारिस | | रु ५०० | ० |
| ६. | व्यापार व्यवसाय वन्द भएको/सञ्चालन नभएको सिफारिस | | रु. १०० | ० |
| ७ | मिलापत्र गराए वापत | | ० | ० |
| ८ | स्वास्थ्य उपचारको सिफारिस | | निशुल्क | ० |
| ९ | पूर्जामा घर कायम गर्न सिफारिस गर्ने | | रु ५०० | १०००० |
| १० | नाम थर जन्म मिति संशोधनको लागि सिफारिस गर्ने | | रु ५०० | २०००० |
| ११ | दुवै नाम वा थर गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | | रु ५०० | ३०००० |
| १२ | जग्गा धनिपुर्जा हराएको सिफारिस | | रु. ५०० | १०००० |
| १३ | कित्ताकाट गर्न सिफारिस | | रु.५०० | ५००० |
| | घरबाटो सिफारिस | | रु ३०० | १०००० |
| १४ | संरक्षक सिफारिस गर्ने (व्यक्तिगत) | | नि शुल्क | |
| १५ | संरक्षक सिफारिस गर्ने (संस्थागत) | | रु ५०० | ५००० |
| १६ | जग्गानामसारी गर्न सिफारिस | महिला को नाउँमा नाम सारी गर्दा २५ प्रतिशत छुट दिने | ५०० | २०००० |
| १७ | जग्गाको हक सम्बन्धमा सिफारिस | | रु ५०० | १०००० |
| १८ | सर्जमिन सिफारिस गर्ने | | रु ५०० | १०००० |
| १९ | उद्योग ठाँउसारी गर्न सिफारिस गर्ने | | रु १००० | ० |
| २० | जीवित रहेको सिफारिस गर्ने | | रु १००० | ० |
| २१ | विद्यालय कक्षा थप गर्न सिफारिस गर्ने | संस्थागत | रु ५००० | २०००० |
| २३ | विद्यालय खोल्ने सिफारिस र अनुमति दिने | संस्थागत | रु. १५००० | १५००० |
| २४ | पालणपोषणका लागि सिफारिस गर्ने | | नि:शुल्क | |

| | | | | |
|---|---|---|---|---|
| २५ | धारा तथा विद्युत जडानका लागि सिफारिस | महिलाको नाममा रहेको घरमा २५ प्रतिशत छुट दिने | रु २०० | १०००० |
| २६ | विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने | संस्थागत | रु ५००० | १०००० |
| | पेन्शन सिफारिस | भारतमा | रु. २००० | १०००० |
| | | अन्य मुलुक | रु ४००० | १०००० |
| २८ | दलित, अल्पसङ्ख्यक तथा जनजाती सिफारिस | | रु. ३०० | २०००० |
| २९ | घर कायम सिफारिस | | रु. ५०० | १०००० |
| ३० | विपन्न/असहाय छात्रवृत्ति सिफारिस | | निशुल्क | |
| ३१ | छात्रवृत्ति सिफारिस | | निशुल्क | |
| ३२ | अपाङगता भएको सिफारिस | | निःशुल्क | |
| ३३ | अस्थायी तथा स्थायी बसोवास सिफारिस | | रु. ३०० | १०००० |
| ३४ | कोर्ट पि ामिनाहा सिफारिस | | निशुल्क: | |
| ३५ | नावालक परिचयपत्र सिफारिस | | निशुल्क | |
| ३६ | सरकारी कार्यालयहरुलाई सिफारिस | | नि शुल्क: | |
| ३७ | संस्था दर्ता सिफारिस | | रु ५०० | १०००० |
| ३८ | गैर सरकारी संस्था दर्ता सिफारिस | | रु १००० | १०००० |
| ३९ | अन्तराष्ट्रिय गैर सरकारी संस्था दर्ता सिफारिस | | रु ५००० | ० |
| ४० | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | निशुल्क | |
| ४१ | कोठा खोल्ने कार्यमा सर्जमिन मुचुल्का | | रु ५०० | ० |
| ४२ | जग्गा/धितो मुल्याङ्कन सिफारिस | (प्रतिवर्ग फिट) | रु.४ | १०००० |
| ४३ | अपुताली प्रमाणित सिफारिस | | रु २००० | ० |
| ४४ | घर नक्सापास दस्तुर | आर.सि.सि.(प्रतिवर्ग फिट) | रु ६ | ० |
| | | जस्ताले छाएको पक्कि | रु४ | ० |
| | | अन्य | रु २ | ० |

| | | | | |
|---|---|---|---|---|
| ४५ | निजी रुख कटान सिफारिस | नरम काठको<br>कडा काठ (प्रतिगोटा.) | रु १०० प्रति गोटा<br>रु ५०० | २००००० |
| ४६ | माथि उल्लीखित बाहेकका अन्य सिफारिस लागि | | रु ४०० | २०००० |
| | • माथि उल्लिखित सिफारिस सम्बन्धी कागजात अंग्रेजी भाषामा उपलव्ध गराउनु परे सुरु दस्तुरको दोब्बर लाग्ने ।<br>• वडाबाट प्राप्त सिफारिसका आधारमा गाउँपालिकाबाट प्रमाणित गर्नुपर्ने कागजातमा पुनः दस्तुर नलाग्ने ।<br>• माथि उल्लिखित सिफारिस सम्बन्धी कागजात हराई वा नष्ट भई सो को प्रतिलिपि लिन आउँदा पुनः सुरु दस्तुर लगाउने । | | | |

# निकासी कर

| क.सं | विस्तृत विवरण | दर | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | ➢ गोलिया/कुकाठ<br>(क) ट्रक<br>(ख) ट्याक्टर<br>➢ कुकाठ फेन्टा<br>(क) ट्रक<br>(ख) ट्याक्टर<br>➢ गोलिया/फेन्टा (अन्य काठ खयर बाहेक)<br>(क) ट्रक<br>(ख) ट्याक्टर<br>➢ खोटो प्रति कि.ग्रा. | रु १०००<br>रु ४००<br>रु १५००<br>रु ५००<br>रु १०००<br>रु ४००<br>रु. १ | २००००० |
| २ | अदुवा (क) पिक अप<br>(ख) ट्याक्टर<br>(ग) ट्रक | रु ३००<br>रु ८००<br>रु २००० | २०००० |
| ३ | अम्लिसो (क) पिक अप<br>(ख) ट्याक्टर<br>(ग) ट्रक | रु ३००<br>रु ८००<br>रु. २००० | २०००० |

| | | | |
|---|---|---|---|
| ४ | अँलैची (क) पिक अप<br>(ख) ट्र्याक्टर<br>(ग) ट्रक | रु १०००<br>रु १५००<br>रु २५०० | १०००० |
| ५ | **सुन्तला प्रति पिकअप** | रु ५०० | २०००० |
| ६ | चिराइतो प्रति पिकअप | रु ५०० | ५००० |
| | माथि उल्लेखित बाहेक प्रति पिकअप | रु ५०० | १०००० |

# अनुसुची ११

# हाटकर विक्री कर

| **क्र.सं** | **विस्तृत विवरण** | **दर** | बार्षिक अनुमान |
|---|---|---|---|
| १ | बंगुर पाठा प्रतिगोटा | रु ५ | |
| २ | खसि प्रतिगोटा | रु २० | |
| ३ | बोका प्रतिगोटा | रु २० | |
| ४ | बाखा प्रतिगोटा | रु १० | |
| ५ | बँगुर मासु पसल | रु ५० | |
| ६ | राँगामासु पसल | रु १०० | |
| ७ | खसि मासु पसल | रु १०० | |
| ८ | तयारी कपडा पसल | रु २० | |
| ९ | सुर्तिजन्य पसल | रु ५० | |
| १० | जुत्ता चप्पल | रु २० | |
| ११ | फलफूल पसल | रु २० | |
| १२ | चिया रोटी पसल | रु २० | |
| १३ | विविध | रु १० | |

# अनूसुचि: १२

| दण्ड जारिवाना | | | | |
|---|---|---|---|---|
| क्र.स. | विवरण | दररेट/ | कैफियत | बार्षिक अनुमान |
| १ | गाउँपालिकामा बुझाउनु पर्ने बक्यौता कर रकम | कर रकमको २० प्रतिशत | आर्थिक बर्षको सुरु तीन महिनामा आए १० प्रतिशत जरिवाना छुट गर्ने । | १०००० |
| २ | अनुमति बिना खानीजन्य ढुङ्गा उत्खनन् गरेमा | कर रकममा १५ प्रतिशत | | १०००० |
| ३ | नदीजन्य ढुङ्गा गिटी बालुवा चोरी निकासी गरेमा | १००० देखि २५०० सम्म | | १०००० |
| ४ | बिना अनुमती मेशिनरी औजार तथा स्काभेटर जेसिभि सार्वजानिक जग्गामा प्रयोग गरेमा | रजिस्टर गर्दा लाग्ने दस्तुरको दोब्बर रकम | | १०००० |
| ५ | बिना अनुमती मेशिनरी औजार तथा स्काभेटर जेसभि व्यक्तिगत जग्गामा प्रयोग गरेमा | रजिस्टर गर्दा लाग्ने दस्तुरको दोब्बर रकम | | १०००० |
| ६ | बेरुजु | लेखा परीक्षणको क्रममा | | ५०००० |

# अनुसुची १३

| | पटके कर | | | बार्षिक अनुमान |
|---|---|---|---|---|
| क्र.स. | विवरण | दररेट | कैफियत | |
| १ | ट्रक | रु.२००० प्रति ट्रक | | |
| २ | ट्राक्टर | रु.१००० प्रति ट्राक्टर | | |
| ३ | पिकअप | रु.५०० प्रति पिकअप | | |
| ४ | मिनि ट्रक | रु.१००० प्रति मिनि ट्रक | | |
| ५ | बस | रु. १०० प्रति दिन | | |
| | ट्याक्सी | रु. ५० प्रति दिन | | |

## अन्य कर तथा राजस्व :

| | |
|---|---|
| **बार्षिक अनुमान** | ५००००० |
| **बेरुजु** | २,००,००० |

गाउँपालिककाको आर्थिक ऐन मार्फत सम्बोधन नभएका कर तथा राजस्वहरु गाउँ कार्यपालिकाको निर्णय बमोजिम निर्धारण गरी लगाइने तथा असुल गरिनेछ ।

## वडागत बार्षिक अनुमान तालिका

| क्र स | विवरण | बार्षिक अनुमान |
|---|---|---|
| १ | वडा न १ | ५,००,००० |
| २ | वडा न २ | ४,५०,००० |
| ३ | वडा न ३ | ३,५०,००० |
| ४ | वडा न ४ | ५,००,००० |
| ५ | वडा न ५ | ६,००,००० |
| ६ | गाउँ कार्यपालिकाको कार्यालय | २६,००,००० |
| | **कुल जम्मा** | **५०,००,०००** |

आज्ञाले
केशव कुमार थापा
नि. प्रमुख प्रशासकीय अधिकृत